# प्रेस विज्ञप्ती

मिति : २०७७/०१/२८

## मुक्तिनाथ विकास बैंकद्धारा लकडाउनमा राहत सहयोग

नेपाल सरकारले लागु गरेको देशब्यापी बन्दाबन्दीको कारणबाट प्रभावित विपन्न, दैनिक ज्यालादारीमा काम गर्ने तथा आर्थिक अवस्था कमजोर भएका परिवारहरुलाई मुक्तिनाथ विकास बैंकले लि.ले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत देशको विभिन्न स्थानहरुमा राहत सामाग्री वितरण गर्दै आइरहेको छ । बैंकको शाखा कार्यालय घोराहीले घोराही उप-महानगरपालिकाको फुड बैंकमा खाद्यान्न सहयोग गरेको छ । उक्त खाद्यान्न सामाग्री बैंकको घोराही शाखाका शाखा प्रमुख श्री युवराज भण्डारीले घोराही उप-महानगरपालिका वडा नं १५ का वडा सदस्य तथा बैंक तथा वित्तिय संस्थागत समन्वय संयोजक श्री सनत कुमार श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो ।

यसैगरी, बैंकले धनगढी उप-महानगरपालिका - ०४ मा पनि राहत सामाग्री सहयोग गरेको छ । सहयोग सामाग्री बैंकका धनगढी शाखाका शाखा प्रमुख श्री उमेश जोशीले  धनगढी उप-महानगरपालिका - ०४ का प्रमुख श्री पदमराज सापकोटा र सुन्दर सुदुरपश्चिम यातायात प्रा.लिका प्रमुख श्री दिपक थापालाई हस्तान्तरण गर्नुभएको थियो ।

साथै, बैंकले नार्गाजुन - ०४, काठमाडौंको शक्ति कुमारी टोल सुधारलाई राहत सामाग्री सहयोग गरेको छ । सहयोग सामाग्री बैंकका सीतापाईला शाखाका शाखा प्रमुख श्री विजय उप्रेतीले शक्ति कुमारी टोल सुधारका अध्यक्ष श्री गोपाल श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो ।

बैंकले आगामी लकडाउनको समयमा पनि विपन्न परिवारलाई सम्भव भए सम्मको सहयोग गर्ने बैंकका प्रमुख सुचना अधिकारी श्री तिलबहादुर गुरुङ्गले बताउनु भएको छ ।